# स्थानीय राजपत्र

लेकवेशी नगरपालिकाद्धारा प्रकाशित

खण्डः७) लेकवेशी नगरपालिका कल्याण, सुर्खेत, श्रावण १२ गते २०८० साल संख्या/अतिरिक्ताङ्कः४

भाग-२

# लेकवेशी नगरपालिका

## नगरपालिका नगर कार्यपालिको कार्यालय

## कल्याण, सुर्खेत

नेपालको संविधान बमोजिम कार्यपालिका बैठकले तल लेखिए बमोजिम ऐन बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**प्रमाणीकरण गर्नेः**
श्री उमेश कुमार पौडेल
(नगर प्रमुख)
कार्यपालिका बैठकमा पेश भएको मितिः २०८०/०४/१२
कार्यपालिका बैठकबाट स्वीकृत भएको मितिः २०८०/०४/१२
प्रमाणीकरण भएको मितिः २०८०/०४/२३

# लेकवेशी नगरपालिकाको शिक्षण सिकाई सहयोग अनुदान सम्बन्धि कार्यविधि, २०८०

प्रस्तावनाः
लेकवेशी नगरपालिका अन्तररगतका सामुदायिक विद्यालयहरुमा निःशुल्क शिक्षा व्यवस्थापन, माध्यमिक विद्यालय तथा आधारभूत विद्यालयहरुमा दरबन्दी शुन्य भएको अवस्था, विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी कमी भएको कारण गुणस्तरीय शिक्षा एवं सिकाई उपलब्धि बढाउन बाधा भएकोले विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि लेकवेशी नगरपालिकाबाट स्वीकृत अनुदानबाट विद्यालयहरुलाई प्राप्त हुने शिक्षण सिकाई अनुदानलाई प्रभावकारी तथा व्यवस्थित रुपमा कार्यन्वयनका लागि लेकवेशी नगरपालिकाको शिक्षा ऐन, २०७८ को दफा ५७ को उपदफा (१) बमोजिम यो कार्यविधि बनाइएको छ ।

## परिच्छेद - एक
## नाम र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भः**
यो कार्यविधिको नाम “नगर नगर शिक्षण सिकाई अनुदान व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८० रहनेछ । यो कार्यविधि नगरकार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः**
विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः
(क) “कार्यविधि“ भन्नाले “लेकवेशी नगरपालिकाको, नगर शिक्षण सिकाई अनुदान कार्यविधि, २०८०“ भन्ने सम्झनु पर्दछ ।
(ख) “नगर शिक्षा ऐन“ भन्नाले लेकवेशी नगरपालिकाको शिक्षा ऐन, २०७८ भन्ने सम्झनु पर्दछ।
(ग) “नगर शिक्षा समिति“ भन्नाले नगर शिक्षा ऐन, २०७८ बमोजिम गठित लेकवेशी नगर शिक्षा समितिलाई सम्झनुपर्छ ।
(घ) “प्रमुख“ भन्नाले लेकवेशी नगरपालिकाको नगर प्रमुख भन्ने सम्झनु पर्छ ।
(ङ) "प्रमुख प्रशासकीय अधिकृत“ भन्नाले लेकवेशी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।
(च) “शाखा प्रमुख“ भन्नाले लेकवेशी नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखा अन्तरगत कार्यरत अधिकृतस्तरको कर्मचारी वा शाखाको जिम्मेवारी तोकिएको कर्मचारी सम्झनु पर्दछ।
(छ) “शाखा“ भन्नाले शिक्षा युवा तथा खेलकुद शाखा सम्झनु पर्छ ।

(ज) “विद्यालय व्यवस्थापन समिति“ भन्नाले सामुदायिक विद्यालयमा गठित व्यवस्थापन समिति सम्झनु पर्छ ।

(झ) “सामुदायिक विद्यालय“ भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान प्राप्त गर्ने अनुमति वा स्वीकृत विद्यालय भन्ने सम्झनु पर्छ ।

(ञ) “स्थानीय तह“ भन्नाले लेकवेशी नगरपालिका भन्ने सम्झनु पर्छ ।

(ट) “नगर शिक्षण सिकाई अनुदान“ भन्नाले सामुदायिक माध्यमिक तथा आधाररभूत विद्यालयहरुमा दरबन्दी शुन्य भएको वा विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी कम भएको विद्यालयहरुलाई दिइने अनुदान भन्ने सम्झनुपर्छ ।

(ठ) “नगर शिक्षण सिकाइ अनुदान शिक्षक“ भन्नाले यस अनुदानबाट पारिश्रमिक तथा सुविधा पाउने प्रचलित कानुन बमोजिम विद्यालय व्यवस्थापन समितिबाट नियुक्ति भएका शिक्षक भन्ने सम्झनु पर्छ ।

## परिच्छेद - दुई
## उद्धेश्य, अपेक्षा र बजेट सीमा

३. नगर शिक्षण सिकाई अनुदानका उद्देश्यहरुः देहाय बमोजिम रहेको छः

(क) विद्यालयहरुलाई उपलव्ध गराउने शिक्षण सिकाई सहयोग अनुदान वितरणको आधार र मापदण्ड व्यवस्थापनका लागि मार्ग दर्शन गर्नु ।

(ख) सामुदायिक विद्यालयहरुको सिकाई उपलव्धी वढाउनु ।

(ग) गुणस्तरीय शिक्षामा सवै बालबालिकाहरुको सहज प%हुँचको आधार तयार गर्नु ।

(घ) दरबन्दी जिरो भएका सामुदायिक माध्यमिक तथा आधारभूत विद्यालयहरुमा न्युनतम अंग्रेजी वा गणित वा विज्ञान विषयका शिक्षक व्यवस्थापन गर्नु ।

(ङ) जिरो दरबन्दी भएका प्राथमिक तहका विद्यालयहरुलाई न्युनतम शिक्षक व्यवस्थापन गर्नु ।

४. अपेक्षाः लेकवेशी नगरपालिका भित्र सञ्चालित माध्यमिक तथा आधारभुत विद्यालयहरुमा शैक्षिक गुणस्तर सुधार, सिकाई उपलब्धिमा बढोत्तरी र दरबन्दी जिरो भएका सामुदायिक विद्यालयहरु र शिक्षक दरबन्दीको अनुपातमा विद्यार्थी संख्या धेरै भएका विद्यालयहरुमा शिक्षण सिकाई अनुदान शिक्षक व्यवस्थापन गर्नु ।

५. वजेट र सीमाः लेकवेशी नगरपालिकाबाट यस शिर्षकमा स्वीकृत भएको वजेट नै यसको सीमा रहनेछ ।

## परिच्छेद - तीन
## नगर शिक्षण सिकाई अनुदान वितरण आधार एव मापदण्ड

६. लेकवेशी नगरपालिकाबाट स्वीकृत नगर शिक्षण सिकाई अनुदान तपसिलको आधार र मापदण्ड बमोजिम वितरण गर्न सकिनेछः

(क) दरबन्दी जिरो भएका माध्यमिक विद्यालयहरुलाई न्युनतम २ (दुई) जना शिक्षण सिकाई अनुदान शिक्षक व्यवस्थापन गर्ने गरी मासिक रू.३०,०००/- (अक्षेरुपी तीस हजार रूपैयाँ मात्र) हुने गरी १२ महिनाको लागि अनुदान रकम रु.७,२०,०००/- (अक्षेरुपी सात लाख बीस हजार रूपैयाँ मात्र) ।

(ख) दरबन्दी जिरो भएका आधारभूत विद्यालय कक्षा (१ - ८) न्युनतम १ (एक) जना शिक्षण सिकाई अनुदान शिक्षक व्यवस्थापन गर्ने गरी मासिक रु.२५,०००/- (अक्षेरूपी पच्चीस हजार रूपैयाँ मात्र) का दरले हुने गरी १२ महिनाको लागि अनुदान रकम रु.३,००,०००/- (अक्षेरुपी तीन लाख रूपैयाँ मात्र) ।

(ग) दरबन्दी जिरो भएका आधारभूत विद्यालय कक्षा (१ - ३) न्युनतम १ (एक) जना शिक्षण सिकाई अनुदान शिक्षक व्यवस्थापन गर्ने गरी मासिक रु.२५,०००/- (अक्षेरुपी पच्चीस हजार रूपैयाँ मात्र) का दरले हुने गरी १२ महिनाको लागि अनुदान रकम रु.३,००,०००/- (अक्षेरुपी तीन लाख रूपैयाँ मात्र)

(घ) दरबन्दी वा राहत नभएका माध्यमिक विद्यालयहरुमा न्युनतम २ (दुई) जना शिक्षण सिकाई अनुदान शिक्षकमा विद्यालययले अंग्रेजी वा विज्ञान वा गणित विषय मध्ये विद्यालयको वस्तुगत आवश्यक्ताको आधारमा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई विज्ञापन अनुमतिका लागि शिक्षा युवा खेलकुद शाखामा अनुमति माग गर्नुपर्ने र अनुमति प्राप्त गरी मात्र शिक्षक व्यवस्थापन गर्नु पर्ने,

(ङ) दरबन्दी वा राहत नभएका आधारभुत विद्यालयहरुमा (१ - ८) न्युनतम १ (एक) जना शिक्षण सिकाई अनुदान शिक्षक अंग्रेजी वा विज्ञान वा गणित विषयका विद्यालयको वस्तुगत आवश्यक्ताको आधारमा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई विज्ञापन अनुमतिका लागि शिक्षा युवा खेलकुद शाखामा अनुमति माग गर्नुपर्ने र अनुमति प्राप्त गरी मात्र शिक्षक व्यवस्थापन गर्नु पर्ने,

(च) दरबन्दी वा राहत नभएका आधारभुत विद्यालयहरुमा (१ - ३) न्युनतम १ जना शिक्षण सिकाई अनुदान शिक्षक विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई अनुमतिका लागि शिक्षा युवा खेलकुद शाखामा पेश गर्नु पर्ने ।

(छ) विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी कम भएका विद्यालयहरुलाई शिक्षण सिकाई अनुदान रकम वितरण गर्दा शिक्षा युवा तथा खेलकुद शाखाको सिफारिसमा शिक्षा समितिबाट निर्मित मापदण्डका आधारमा वितरण गर्ने ।

(ज) जिरो दरबन्दी भएका कक्षा १-३ सञ्चालन भएका विद्यालयहरूबाट अर्को विद्यालयसँगको दुरी ३० मिनेट भन्दा कम भएमा त्यस्ता विद्यालयहरूलाई अनुदान दिन नसिकने ।

(झ) जिरो दरबन्दी भएका कक्षा १-३ सञ्चालन भएका विद्यालयहरूका लागि मात्र तोकिएको अनुदान रकम प्राप्त गरेमा त्यस्ता विद्यालयहरूमा नयाँ नियुक्ति वा यस पूर्व नियमानुसार नियुक्ति भई कामकाज गर्दै आएको शिक्षक भएमा उक्त अनुदान रकम उपलब्ध गराउन सकिने ।

## परिच्छेद - चार
## शिक्षण सिकाई अनुदान कार्यान्वयन प्रक्रिया

७. सामुदायिक विद्यालयहरुले शिक्षण सहयोग अनुदान रकम प्राप्त सम्बन्धमा देहाय बमोजिमको कार्यन्वयन प्रक्रिया गर्नुपर्ने छ ।

(क) शिक्षण सिकाई अनुदान प्राप्त गर्ने विद्यालयहरुले माध्यमिक तहको हकमा अंग्रेजी वा गणित वा विज्ञान विषय मध्ये विद्यालयको वस्तुगत आवश्यकताको आधारमा विद्यालय व्यवस्थापन

समितिबाट निर्णय गरी २ (दुई) वटा विषयका विषय शिक्षक नियुक्तिका लागि शिक्षा युवा तथा खेलकुद शाखाबाट शिक्षक व्यवस्थापन गर्न अनुमति लिई पश्चात नियमानुसार प्रचलित कानुन बमोजिम विद्यालय व्यवस्थापन समितिले शिक्षक नियुक्ति गर्ने ।

(ख) विद्यालयहरुमा शिक्षक नियुक्ति पश्चात हाजिर भए देखि मात्र मासिक वा चौमासिक रुपमा शिक्षण सिकाई अनुदान विद्यालयको खातामा निकासा दिने,

(ग) यस अनुदानमा नियुक्ति भएको शिक्षकका लागि अनुदान रकम जुन आर्थिक वर्षमा नियुक्ति भएको हो सोही आर्थिक वर्षसम्मको लागि मात्र हुनेछ ।

घ) यस अनुदानमा नियुक्ति भएका शिक्षकहरुको विवरण नियुक्ति भएको १५ दिन भित्र शिक्षा युवा तथा खेलकुद शाखामा दिनु पर्नेछ ।

(ङ) शिक्षा युवा तथा खेलकुद शाखाको सिफारिसमा मात्र विद्यालयहरुमा शिक्षक अनुदान उपलव्ध गराउनु पर्नेछ ।

(च) लेकवेशी नगरपालिकाले नगर शिक्षण सिकाई अनुदानमा विद्यालय व्यवस्थापन समितिबाट प्रचलित कानुन बमोजिम नियुक्ति भएका शिक्षकहरुलाई आफनो आन्तिरिक आर्थिक स्रोतले खर्च व्यहोर्ने सक्ने भएमा वा पुनः कामकाजमा लगाउन आवश्यक लागेमा प्रत्येक वर्ष शिक्षण सिकाई अनुदानमा वजेट स्वीकृत गरी उक्त शिक्षकहरुलाई विद्यालय व्यवस्थापन समिति र शिक्षा युवा तथा खेलकुद शाखाको सिफारिसमा नगर शिक्षा समितिबाट म्याद थप गरी पून कामकाजमा लगाउन विद्यालयहरुलाई निर्देशन दिन सकिनेछ ।

## परिच्छेद - पाँच
## शिक्षण सिकाई सहयोग अनुदान तथा शिक्षक व्यवस्थापनको अनुगमन

८. यस अनुदानमा नियुक्ति भएका शिक्षकहरुको अनुगमन लेकवेशी नगरपालिका र नियमित अनुगमन शिक्षा युवा तथा खेलकुद शाखाबाट हुनेछ ।

## परिच्छेद - छ
## वाधा अडकाउ फुकाउ तथा खारेजी र बचाउ

९. बाधा अड्काउ, फुकाउ तथा खारेजी र बचाउ देहाय बमोजिम हुनेछः

(क) यस नगर शिक्षण सिकाई सहयोग अनुदानमा नियुक्ति भएका शिक्षकहरुलाई नगरपालिकाले यस शिषकमा स्वीकृत बजेटबाट विद्यालयको माग तथा शिक्षा युवा तथा खेलकुद शाखाको सिफारिस बमोजिम तोकिए बमोजिमको अनुदान रकम पठाउनु पर्नेछ ।

(ख) यस कार्यविधि अनुसारको शिक्षण सिकाई सहयोग अनुदानमा शिक्षक व्यवस्थापन सम्बन्धि बाधा अड्काउ फुकाउन परेमा नगर कार्यपालिकाले फुकाउन सक्नेछ ।

(ग) यस कार्यविधि बमोजिम भएका शिक्षण सिकाई अनुदान सम्बन्धि कार्य यसै बमोजिम र प्रचलिन कानुनसँग बाझिएमा प्रचलित कानुन बमोजिम हुनेछ ।